तिलोत्तमा नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**पशु सेवा शाखा**
जानकीनगर, रुपन्देही
५ नं. प्रदेश नेपाल


प.सं.: ०७७/०७८
च.नं.:

मिति : २०७७।०४।२१

## पशु स्वस्थ्य सम्बन्धी अत्यन्त जरुरी सुचना

हाल नेपालको पुर्वि तराई तथा चितवनका बिभिन्न स्थानमा गाइ भैंसीमा ज्वरो सहित शरिरको बिभिन्न भाग तथा भित्रि तहमा गाठागुठी देखिने, गाठागुठीबाट पानी बग्ने र पाक्ने, पशु छटपटाउने, दुब्लाउदै जाने, खुट्टा खोच्चाउने, दुध उत्पादन घट्ने र मृत्यु समेत हुन सक्ने आदी लक्ष्यण भएको बिफर युक्त समस्या देखिएको र उक्त रोगको नमुना पि.सि.आर प्रविधिबाट केन्द्रीय पशु रोग अन्वेषण प्रयोगशालामा परिक्षण गर्दा लम्पी स्किन डिजिज (**Lumpy Skin Disease**) भएको पत्ता लागेको हुदा सावधानीका लागि सुचित गरीन्छ । लामखुट्टे र भुसुनाबाट सर्ने यस रोगबाट बचाउनका लागि निम्न उपायहरु अबलम्बन गर्न सकिन्छ ।

१. गोठ र मलखादको दुरी १० मिटरको कायम गर्ने,
२. गोठ नियमित रुपमा फिनेल पानीले सफा गर्ने तथा सरसफाईमा बिशेष ध्यान दिने,
३. पशु बाध्ने गोठको दिसा, पिसाब तथा पानी जम्न नदिने,
४. गोठको वरपर खाल्टाखुल्टी पुर्ने लामखुट्टेका फुल नष्ट गर्न मट्टीतेल छर्कने,
५. भुसुना तथा लामखुट्टेबाट जोगाउन साझमा गोठ धुवाउने,
६. गोठको जैविक सुरक्षका लागि अनाधिकृत रुपमा मानिसको आवतजावत नगर्ने प्रवेशद्धारमा चुना चुनापानीको व्यवस्था गरी अनिवार्य रुपमा चुना टेकेरमात्र प्रवेश गराउने,
७. संक्रमित स्थान तथा संक्रमणको उच्च जोखिमका स्थानबाट पशु खरिद नगर्ने,
८. रोगी पशुलाई अलग्गै राखि दानापानीको व्यवस्था गर्ने,
९. निरोगी पशुको स्याहार सुसार पछी मात्र रोगी पशुको स्याहार गर्ने,
१०. माथी उल्लुखित लक्षण संग मिल्दोजुल्दो लक्षण भएको रोग देखिएमा तिलोत्तमा नगरपालिका पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र भैरहवामा खबर गर्ने ।

२०७७।०४।२१

**माधव प्रसाद शर्मा**
**प्रमुख प्रशासकीय अधिकृत**